**निर्णय नं १ कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथाम तथा लकडाउन व्यवस्थापनका लागि यस नगरपालिकाबाट हालसम्म भएगरेका निम्न कार्यहरुलाइ समर्थन गर्दै सो कार्यलाइ अझ व्यवस्थित बनाएर अगाडी बढाउन कार्यालयलाइ जिम्मेवारी दिने।**

निम्न कार्यहरु

१. राहत वितरण का क्रममा प्रथम चरणमा स्थायी बासिन्दा ६६८२, दोश्रो चरणमा अस्थायी तथा विद्यार्थी १९२७ र तेश्रो चरणमा कार्यालयबाट २८२ परिवारलाइ वितरण गरि कुल १६०९१ परिवारलाइ राहत वितरण भएको।

२. कार्यालयको आपतकालिन फोन १०१ मा आएको फोन विवरण अनुसार विशेष टोली खटाइ स्थलगत अनुगमन गरी राहत वितरण गरिएको।

३. हालसम्म कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथाम तथा लकडाउन व्यवस्थापनमा रु १,९६,६३,६२३.७५ खर्च भएको।

४. विभिन्न सहयोगदाताहरुबाट कोरोना संक्रमण तथा रोकथाम नियन्त्रण र उपचार कोषमा रु ३६ लाख ८३ हजार २ सय पन्ध्र रुपैया सहयोग भएको साथै सो कोषमा नगरपालिकाको संचित कोषबाट २ करोड ८० लाख थप गरी कुल जम्मा ३ करोड १६ लाख ८३ हजार २ सय १५ रुपैया जम्मा भएको।

५. विभिन्न बैंक संघसंस्था तथा व्यक्तिबाट वस्तुगत सामग्री समेत सहयोग भएको।

६. नगरपालिकाले पूर्व सावधानी स्थल तथा विश्राम स्थल संचालन गरी हालसम्म पूर्व सावधानी गृहमा २४ जनाको बास तथा खाना प्रति व्यक्ति रु ६०० का दरले व्यवस्थापन गरेको।

७. विश्राम स्थलमा अन्य पालिकाका करिब ७०० जनालाइ खाना खाजाको व्यवस्था गरी सम्बन्धित पालिकासँग समन्वय गरी पठाइएको।

८. कोरोना संक्रमणको परीक्षण (आरडीटी) १६० जनाको गरिसकिएको।

९. हालसम्म औषधि पर्याप्त मात्रामा रहने व्यवस्था मिलाएको

१०. सबै गरी ७५ जना स्वास्थ्यकर्मी पूर्व सावधानी गृह तथा चेकपोस्ट एवंम स्वास्थ्य चौकीमा खटाइएको।

**निर्णय नं २ कोरोना भाइरस कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकामा प्रवेश गर्ने निम्न स्थानहरुमा हेल्थ डेस्क स्थापना गरी सेवा प्रवाह गर्ने।**

निम्न स्थान

सुब्बाकुना, गढी, बाँगेसिमल, फलाटे

**निर्णय नं ३ वीरेन्द्रनगर नगरपालिकामा कोरोना संक्रमण जोखिममा रहेका व्यक्तिहरुको RDT स्क्रीनिंग गर्नका लागि RDT Kit उपलब्ध गराइदिन प्रदेश र संघिय सरकार समक्ष अनुरोध गर्ने।**

**निर्णय नं ४ यस नगरपालिकामा जिल्ला बाहीरबाट आएका नगरबासी व्यक्तिहरुले आफ्नो घर परिवारमा होम क्वारेन्टाइनमा बस्न नसक्ने अवस्था आएमा मात्र पूर्व सावधानी गृहमा राख्ने निर्णय गरियो। होम क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुको निगरानी स्वास्थ्य शाखाले सम्बन्धित वडाको कार्यक्षेत्र रहेको स्वास्थ्य संस्थाको परिचालन गरी सम्बन्धित वडाका जनप्रतिनिधिसँग समन्वय गरी गर्ने। पूर्व सावधानी तथा विश्राम गृहमा साँझ ६ बजे भित्र नयाँ प्रवेशिलाइ प्रवेश गराइसक्ने व्यवस्था मिलाउने।**

**निर्णय नं ५ नगरपालिका कार्यालयबाट वितरण गरिने विशेष राहत मागका लागि फोन गर्न नसक्ने तथा फोन नभएका अतिविपन्न असहाय व्यक्तिहरुको विवरण सोझै वडा अध्यक्ष मार्फत लिइ राहत वितरण गर्ने व्यवस्था मिलाउने।**

०७७।१।१३

Scanned with CamScanner

**निर्णय नं ६ कोभिड १९ को रोकथाम र नियन्त्रणका उपायहरु अलवम्बन गर्दै नगरपालिका भित्रका पूर्वाधार विकासका कार्यलाइ स्थानीय प्रशासनसँग समन्वय गरि अगाडी बढाउने निर्णय गरियो ।**

**निर्णय नं ७ विद्यालय नर्सींङ कार्यक्रम संचालन गर्नका लागि यस वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका निम्न विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।**

निम्न विद्यालय

- त्रिपुरेश्वर मा वि ढोडेखाली
- प्रभात मा वि कोलडाडा
- हरिडील भूमी मा वि तातापानी
- भैरव मा वि भैरवस्थन
- ने रा आ वि चिसापानी
- जन मावि वीरेन्द्रनगर
- कृष्ण संस्कृत मा वि इत्राम
- ने रा आ वि खजुरा
- शिव मा वि लाटीकोइली
- जनसेवा मा वि घुस्रा
- चन्द्रगंगा मा वि गाग्रेताल
- अमरज्योती मा वि नेवारे
- ने रा मा वि करेखोला
- सिद्ध मा वि गढी
- ने रा मा वि रतु
- आदर्श मा वि मेहेली
- ने रा मा वि डाडास्कुल
- शिव मा वि धुलियाबिट
- आनन्द मा वि कृष्णगंज
- हस्तविर आ वि चनौटे

०७७/१/१२

Scanned with CamScanner